**आ.व. ०७९/८० को पहिलो बैठक**

आज मिति २०७९ साल श्रावण ३१ गते बुधबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८५२६७४००९ | |

**अन्य**

सूचना प्रविधि अधिकृत श्री राजु गुरुङ
लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ
सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा
प्रा.स. श्री अर्जुन श्रेष्ठ,
का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरु:

१. आयोजना कार्यान्वयनको लागि समय तालिका निर्धारण गर्ने सम्बन्धमा।

२. आयोजना कार्यान्वयन गर्ने प्रकृया सम्बन्धमा।

३. तत्काल डि.पी.आर. गर्नुपर्ने आयोजनाहरुको सम्बन्धमा।

४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने सम्बन्धमा।

५. तत्काल सञ्चालन गर्नुपर्ने आयोजनाहरुको सम्बन्धमा।

- फावाखोलाको मोटरेबल पुल निर्माण,
- पूर्णेडाँडा, खाल्टे मोटरबाटो,
- औंसीडाँडा, तिरिङ्गे मोटरबाटो,

६. विपन्न नागरिक उपचार सहायता कोषको सम्बन्धमा।

७. अवरोध भएका सडकहरुको सम्बन्धमा।

८. टोल विकास संस्थाहरुको सम्बन्धमा।

९. निर्माण व्यावसायीहरुको संघको शाखा संघ दर्ता गर्ने सम्बन्धमा।

१०. कोरोना नियन्त्रण सम्बन्धमा।

११. रिक्त रहेको पदको करारसेवा नियुक्त गर्न विज्ञापन गर्ने सम्बन्धमा।

१२. न्यायिक समिति गठन गर्ने सम्बन्धमा।

१३. जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम आयोजना सञ्चालन गर्ने सम्बन्धमा।

१४. रकेट चुलो वितरण सम्बन्धमा।

१५. रिक्त पदहरुको माग आकृति फारम भरी पठाउने सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा आ.व. ०७९/०८० मा आयोजना कार्यान्वयन प्रकृयाको सम्बन्धमा छलफल गर्दा गत विगत आ.व.हरु देखि नै महालेखा परीक्षणको कार्यालयबाट उपभोक्ता समितिबाट काम गराउदा मेशिन प्रयोग गरेको आपत्तिजनक टिप्पणी गरी प्रतिवेदनमा उल्लेख गरेको र गाउँपालिकामा बेरुजुको मात्रा बढी हुन आउने भएकोले मेशिन प्रयोग हुने सम्पुर्ण आयोजनाहरु ठेक्कामार्फत मात्र सञ्चालन गर्ने सर्वसम्मती निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा आ.व. ०७९/८० मा उपभोक्ताबाट सञ्चालित आयोजनाहरुको यहि भाद्र महिना भित्रमा सम्भव भएसम्म सबै आयोजनाहरुको उपभोक्ता समिति बनाउने र ठेक्कामा लगाउने आयोजनाहरुको पनि ठेक्का लगाई सक्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा तत्काल डि.पी.आर. गर्नु पर्ने तपसिल बमोजिमको आयोजनाहरु यहि मितिः २०७९ साल आश्विन महिनाभित्रमा गरी सक्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- खहरे देखि गाउँपालिकाको कार्यालयसम्मको मोटरबाटो,
- मेवाखा सुकेटार मोटरबाटो,
- वडा कार्यालय भवन,
- पूर्णेडाँडा डाँडागाउँ पर्यटन प्रवर्द्धन,
- माखोजा, मिक्तेला खानेपानी योजना,
- कुलुङ्गेनी, कात्तिके सिँचाई आयोजना,
- कर्कले भित्रे खानेपानी योजना-चाक्सिबोटे
- धाप पोखरी पर्यटन प्रवर्द्धन

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ छलफल गर्दा आ.व. ०७९/०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पाथीभरा याङवरक गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुले ल्याएको प्रस्ताव उपर छलफल गरि विद्यालयहरुको भौतिक पुर्वाधारको अवस्थाको मध्यनजर गरेर निम्नानुसार प्राथमिकताक्रम तोकी पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

निम्नः

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्तावहरुको प्राथमिकीकरणः**

| क्र.स. | विद्यालयको नाम | कार्यक्रमको नाम | अनुमानित लागत रु. |
|---|---|---|---|
| १ | श्री महाकाली आ.वि., थेचम्बु | चार कोठे विद्यालय भवन निर्माण | ६४५००००।- |

| | | | |
|---|---|---|---|
| २ | श्री नेपाल राष्ट्रिय आ.वि., थुम्विदन | ICT ल्याव व्यावस्थापन | १५०००००।- |
| ३ | श्री जनता आ.वि., थुम्वेदिन | ICT ल्याव व्यावस्थापन | १५०००००।- |
| ४ | श्री लक्ष्मी आ.वि., नाङखोल्याङ | ICT ल्याव व्यावस्थापन | १०२००००।- |
| ५ | श्री युवा आ.वि., नाङखोल्याङ | ICT ल्याव व्यावस्थापन | १५०००००।- |
| ६ | श्री चण्डेश्वरी आ.वि., थेचम्बु | चार कोठे भवन निर्माण | ६४५००००।- |
| ७ | श्री थेचम्बु मा.वि., थेचम्वु | चार कोठे भवन निर्माण | ६५०००००।- |
| ८ | श्री शारदा मा.वि., थुम्वेदिन | ICT ल्याव व्यावस्थापन | २१५५०००।- |

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस आ.व.मा तत्काल संचालन गर्नु पर्ने तपसिल बमोजिमको आयोजनाहरुलाई भाद्र मसान्तभित्रमा ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

- फावाखोलाको मोटरेबल पुल निर्माण,
- पूर्णेडाँडा, खाल्टे मोटरबाटो स्तरोन्नति,
- औंसीडाँडा, तिरिङ्गे मोटरबाटो

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा विपन्न नागरिक उपचार सहायता कोष सञ्चालनको लागि निर्देशिका बनाई विपन्न नागरिक हो भन्ने आधारहरुसहित रकमको सिमा समेत तोक्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा भारी वर्षाको कारण यस पाथीभरा याङवरक गाउँपालिकाभित्रका नियमित सञ्चालनमा आउने सडकहरुमा पहिरो गई अवरुद्ध भएका सम्पुर्ण सडकहरु कोटेशन मार्फत सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा टोल विकास संस्थाको कार्यविधि तयार गरी व्यवस्थित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-९**

प्रस्ताव नं.-९ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकामा रहेका निर्माण व्यवसायीहरुको संघको शाखा संघ दर्ता गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१०**

प्रस्ताव नं.-१० माथी छलफल गर्दा कोरोना प्रकोप बढ्दो क्रममा भएकोले यस गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य चौकीहरुलाई समन्वय गरी आवश्यक योजना बनाउन स्वास्थ्य शाखालाई निर्देशन दिने सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं.-११**

प्रस्ताव नं.-११ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकामा रिक्त रहेको प्राविधिक कर्मचारीहरु र कृषि अधिकृत पदपूर्ति गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना आव्हान गरी करार सेवामा तपसिलका कर्मचारीहरु पदपूर्ति गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. हेल्थ असिस्टेण्ट-१

२. अ.न.मी.-१

३. कम्प्युटर अपरेटर (पाँचौ)-१

४. कृषि अधिकृत-१

**निर्णय नं.-१२**

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको न्यायिक समितिको तपसिल बमोजिम पुर्नगठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. उपाध्यक्ष श्री रनमाया गुरुङ- संयोजक

२. २ नं. वडाध्यक्ष श्री बलुराम लिम्बु- सदस्य

३. ६ नं. वडाध्यक्ष श्री जीतमान तामाङ- सदस्य

४. रोजगार संयोजक श्री इक्साहाङ सुब्बा- सदस्य-सचिव

**निर्णय नं.-१३**

प्रस्ताव नं.-१३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरु र वडा सचिवहरुको क्षमता विकास सम्बन्धी (नागरिकता सिफारिस, पञ्जीकरण, माइन्युट लेखन आदि) तालिम सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१४**

प्रस्ताव नं.-१४ माथी छलफल गर्दा गत आ.व. ०७८/०७९ मा खरिद गरिएको रकेट चुलो तपसिल बमोजिम वडाहरुमा वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

**रकेट चुलो**

| क्र.स. | वडा नं. | संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ५० | |
| २ | २ | ५० | |
| ३ | ३ | ४० | |
| ४ | ४ | ३० | |
| ५ | ५ | ३० | |
| ६ | ६ | ४० | |
| जम्मा | | २४० | |

**निर्णय नं.-१५**

प्रस्ताव नं.-१५ माथी छलफल गर्दा मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नं.-१ को च.नं.६८, मितिः २०७९।०४।१६ को पत्र बमोजिम रिक्त पदहरुको माग आकृति फारम भरी पठाउने सम्बन्धमा यस गाउँपालिका अन्तर्गत रिक्त रहेका पदहरुमा कर्मचारी आपुर्तिका लागि तोकिएका माग आकृति फारम भरी पठाउने सर्वसहमतिले निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**आ.व. ०७९/८० को दोस्रो बैठक**

आज मिति २०७९ साल भाद्र २२ गते बुधबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री केशर कुमार सुब्बा ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्पू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८५२६७४००९ | |

**अन्य**

सूचना प्रविधि अधिकृत श्री राजु गुरुङ

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरु:

१. जग्गाको वर्गीकरण सम्बन्धमा।

२. कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।

३. गोलिया निगरानी गर्ने सम्बन्धमा।

४. बेरोजगार, अपाङ्गता भएका व्यक्तीहरुको परिवार, अति विपन्न घर परिवार, दीर्घ रोग भएका व्यक्ती र दक्ष र अर्धदक्ष मिस्त्रीहरुको लगत संकलन सम्बन्धमा।

५. लघु उद्यम विकास कार्यक्रमको लागि वडा छनौट गर्ने सम्बन्धमा।

६. फुङलिङ नगरपालिका, ताप्लेजुङद्वारा आयोजित अन्तरपालिका स्तरीय मेयर रनिङ कप पूरुष भलिबल प्रतियोगितामा सम्बन्धमा।

७. आर्थिक सहायता सम्बन्धमा।

८. सनलाइट युनाइटेड क्लब सम्बन्धमा।

९. राहत उपलब्ध गराउने सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका भित्र रहेका जग्गाको वर्गीकरण गर्नको लागि जिल्ला मालपोत कार्यालयसँग समन्वय गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा **किवी खेती प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७९** र **कृषक पुरस्कार/सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९** लाई आवश्यक केहि संशोधनसहित पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाबाट गोलियाको अनाधिकृतरुपमा ओसारपसार भईरहेकोले, यस्तो ओसारपसारलाई रोक्न यस गाउँपालिका भित्र रहेका प्रहरी चौकीसँग समन्वय गर्ने, साथै वनलाई समेत जानकारी गराई वर्खायाममा गोलियाको ओसारपसारले स्थानीय सडकहरुमा बढीमात्र बिग्रिने, भत्किने भएकोले प्रत्येक वर्षको कात्तिक देखि फाल्गुण महिनासम्म मात्र गोलिया ओसारपसारको अनुमति दिने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाका भित्र रहेका बेरोजगारी, अपाङ्गता भएका व्यक्ती, अति विपन्न परिवार, दक्ष र अर्धदक्ष मिस्त्री साथै दिर्घ रोगी व्यक्तीहरुको लगत संकलन मितिः २०७९ साल मंसिर मसान्तसम्ममा वडास्तरबाट गर्न सम्पुर्ण वडा कार्यालयलाई पत्राचार गर्ने र सोको सूचना रेडियोमार्फत प्रसारण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनाको लागि यस गाउँपालिकाको वडा नं. १ र ६ लाई र स्तरोन्नतीको लागि २ र ३ नं. वडालाई छनौट गर्ने सर्वसम्मतीले निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा श्री फुङलिङ नगरपालिका, ताप्लेजुङको आयोजनामा मितिः २०७९/०६/०८ गते देखि मितिः २०७९/०६/११ गते सम्म सञ्चालन हुने अन्तरपालिका स्तरीय मेयर रनिङ कप पुरुष भलिबल प्रतियोगितामा यस गाउँपालिकाबाट सहभागिता जनाउनको लागि सम्पुर्ण व्यवस्थापन र संयोजनको गर्न वडा नं.-१ का वडाध्यक्ष श्री दील कुमार सुनुवारलाई जिम्मेवारी दिने सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथी छलफल गर्दा सनलाईट युनाइटेड युथ क्लब, पाथीभरा याङवरक गाउँपालिका, थेचम्बु, ताप्लेजुङले २०७९ सालको विजयादशमीको अवसरमा आयोजना गर्न लागेको खुल्ला पुरुष फुटबल प्रतियोगिता आयोजना गर्न रकम माग गरेकोमा उक्त क्लबलाई प्रपोजल माग गर्ने र आपसी समझदारीमा रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं.-९ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-४ मा मितिः २०७९/०३/०१ गते अन्दाजी रातको ८:०० बजे गएको पहिरोले फूलमाया पाठकको घरमा क्षति पुगेको हुनाले, पिडितलाई आकस्मिक कोषबाट ३०,०००।- (अक्षरेपी तीस हजार मात्र ।) रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**आ.व. ०७९/८० को तेस्रो बैठक**

आज मिति २०७९ साल आश्विन ०४ गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री फुलमाया आचार्य चापागाई | का.वा.वडाध्यक्ष | ९८१५०४३७१६ | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इक्साहाङ सुब्बा | सदस्य-सचिव | ९८४१४९०८६० | |

**अन्य**

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री कैलाश लिम्बु

**प्रस्तावहरु:**

१. बेरुजु फस्यौंट समिति गठन गर्ने सम्बन्धमा।

२. पाथीभरा पर्यटन महोत्सव सम्बन्धमा।

३. नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) लाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

४. मौलो पुजाको लागि प्रहरी चौकीलाई रकम दिने सम्बन्धमा।

५. सर्बब्यापक कृषक युवा समूह सम्बन्धमा।

६. विद्युतको पहुँच नपुगेका वडा नं.-१, नाङखोल्याङका १४४ घरधुरी सम्बन्धमा।

निर्णयहरुः

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको बेरुजु फछ्र्यौट गर्न तपसिल बमोजिमको कर्मचारीहरुको बेरुजु फछ्र्यौट समिति गठन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. प्रमुख प्रशासकीय अधिकृत, श्री जनार्दन निरौला- संयोजक

२. संयोजक, अर्थ तथा सार्वजनिक लेखा समिति, श्री दिल बहादुर विष्ट- सदस्य

३. इन्जिनियर, श्री सुदिप कुमार यादव- सदस्य

४. स्वास्थ्य शाखा प्रमुख, श्री देवेन्द्र कुमार लिम्बु- सदस्य

५. लेखा प्रमुख, श्री शम्भु श्रेष्ठ- सदस्य-सचिव

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा पाथीभरा पर्यटन महोत्सवलाई विविध खर्च शिर्षकबाट रकम रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र ।) दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) लाई विविध खर्च शिर्षकबाट रकम रु. ५०,०००।- (अक्षरेपी पचास हजार मात्र।) दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा हरेक वर्ष झै यो वर्ष पनि विजया दशमी, २०७९ को अवसर यस पाथीभरा याङवरक गाउँपालिकाभित्र रहेका ३ वटा प्रहरी चौकी (मेवाखा प्रहरी चौकी, थेचम्बु प्रहरी चौकी, थुम्वेदिन प्रहरी चौकी) हरुलाई मौलो पुजाको लागि १५/१५ हजारको दरले रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, ताप्लेजुङको मितिः २०७९/०५/०९ गतेको सूचना बमोजिम स्थानीय तहको लागत साझेदारीमा बीउ श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि यस गाउँपालिकाको वडा नं.-६, थुम्वेदिनमा स्थापित श्री सर्बब्यापक कृषक युवा समूहलाई सिफारिस गर्ने साथै उक्त कार्यक्रमको लागि स्थानीय तहले बेहोर्नु पर्ने लागत साझेदारी वापतको ३५ प्रतिशत रकम गाउँपालिकाले बेहोर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं.-१ मा आर्थिक विपन्नताको कारण विद्युतमा पहुँच नपुगेका १४४ घरधुरीलाई कालोतार, मिटरबक्स र M.C.B. खरिद गरी दिने सर्वसहमतिले निर्णय गरियो ।

आ.व. ०७९/८० को चौथो बैठक

आज मिति २०७९ साल कात्तिक २१ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८५२६७४००९ | |

**आमन्त्रित**

नापी अधिकृत, श्री विज्ञान बन्जरा, नापी कार्यालय, ताप्लेजुङ ।

कार्यालय प्रमुख, श्री निर्मल शेर्पा, मालपोत कार्यालय, ताप्लेजुङ ।

**अन्य**

रोजगार संयोजक श्री इन्द्रहाङ सुब्बा

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

२ नं. वडा सचिव गणेश कुमार लिम्बु मावो.

१ नं. वडा सदस्य दिपक राई —

**प्रस्तावहरु:**

१. बेरुजु फछ्यौंट सम्बन्धमा।

२. भू-उपयोग वर्गीकरण सम्बन्धमा।

३. "घ" वर्गको इजाजत सम्बन्धमा।

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरीक्षण बमोजिम यस गाउँपालिकाको आ.व. २०७८/०७९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका प्रमाण पेश गर्ने र नियमित गर्ने बेरूजुका सम्बन्धमा तपशील बमोजिमका बेरूजु उपर लगत कट्टाका लागि यस गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समितिको मिति २०७९/०७/१७ गतेको निर्णय नं. १ बमोजिम कार्यपालिका अध्यक्ष मार्फत आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिकालाइ अनुरोध गरेकोमा तपाशील बमोजिमको निर्णय सर्वसम्तिले पारित गरियो ।

तपशीलः

| बे.द .नं. | बेरूजु विवरण | रकम | बेरूजु फछयौट व्यहोरा | रकम | फछयौट गर्ने जिम्मेवारी व्यक्तिको नाम |
|---|---|---|---|---|---|
| ८३ | कर्मचारी करार —स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ५२ जना कमर्चारीहरुलाई करारमा राखी रु. ७३७१९४० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३ (८) बमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्वर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्वन्धि पदमा मात्र करारवाट सेवा लिन सकिने र सो बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नसकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेक विभिन्न पदमा ९ जना नियुक्ति गरी वर्ष रु. १५५०५२० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु | १५५०५२० | कर्मचारी करार सम्बन्धमा पाथीभरा याङवरक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम पदपूर्ति भएको र लोकसेवा आयोगबाट समेत कर्मचारी नपठाएको साथै कार्यालयमा सेवा करारका कर्मचारी पदपूर्ति नभएकोले उक्त सेवा करारका कर्मचारी नभए कार्यालयबाट नियमित रूपमा प्रवाभकारी सेवा प्रवाह गर्न नसकिने भएको हुँदा बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | १५५०५२० | जनार्दन निरौला प्र.प्र.अ. |
| २२ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलव भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले १० जना निजि शिक्षक नियुक्ती गरी बर्ष भरिमा रु ३० लाख ४८ हजार ५ सय खर्च गरेको छ । गाउँपालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा यस्तो खर्च गरेर पालिकामाथि व्ययभार परेको देखिन्छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ रु | ३०४८५०० | सामुदायिक विद्यालयहरूमा निजी शिक्षक नियुक्त गरेको सम्बन्धमा विद्यालयमा तह तथा कक्षा अनुसार प्रयार्स शिक्षक दरवन्दि तथा पदपूर्ति नभएकोले अल्पकालिन समस्या समाधानको निमित्त नीजि शिक्षक राख्नु परेको हुनाले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ३०४८५०० | जनार्दन निरौला प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | भौ.नं.५।६।१९ र १२८।३।१६ कार्यक्रम कार्यान्वयन पुस्तिक २०७८।७९ को क्रियाकलाप नं २.७.१३.११ मा स्थानिय तहले नियमित रुपमा चलेका सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको न्यूनतम तलब भत्ताको रकम उपलब्ध गराई बाँकी रकम प्रस्तावका आधारमा उपलब्ध गराउने गरी अधिकतम २ लाख सम्म अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका सामुदायिक सिकाई केन्द्रलाई प्रस्ताव वेगर नै रु भुक्तानी गरेको देखिन्छ । अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्र तथा विद्यालयहरुको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा शिक्षकको हाजिरी पेश गर्नुपर्ने रु | १३०५०० | पाथीभरा सामुदायिक सिकाइ केन्द्रलाइ रू. १३०५०० भुक्तानी दिएको सम्बन्धमा सो सिकाइ केन्द्रबाट वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र शिक्षकको हाजिरी पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | १३०५०० | जनार्दन निरौला प्र.प्र.अ. |
| २७ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयोकोले कर समायोजन गर्नुपर्ने रु | ५८०५९३३ | अनुपमा सिटी कन्स्ट्रक्सन प्रा.लि.को लेखापरिक्षण अवधिसम्म पनि नन्फाइलर रहेको सम्बन्धमा सो प्रा.लि.को कर समायोजन पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ५८०५९३३ | जनार्दन निरौला प्र.प्र.अ. |
| २९ | सार्वजनिक निकायले सम्बन्धित कार्यक्रमका लागि खरीद गरिएका निर्माण सामाग्रीहरु प्राविधिक नापजाँच सहितको नापी किताब भरेर मात्र जिन्सी खर्च लेख्नुपर्दछ । कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पाथिभरा हार्डवेयर सेन्टर ताप्लेजुङबाट रु३९६०१९ को जस्तापाता खरीद गरेकोमा वितरण र प्राविधिक प्रतिवेदन पेश नगरी खर्च लेखेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३९६०१९ | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पाथिभरा हार्डवेयर सेन्टर ताप्लेजुङबाट रु.३९६०१९ को जस्तापाता खरीद गरेको सम्बन्धमा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं. २, थेचम्बुमा स्थायी बसोबास भएका लक्षित वर्गहरूलाइ वितरण गरेको भरपाइ तथा प्राविधिक प्रतिवेदन पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ३९६०१९ | जनार्दन निरौला प्र.प्र.अ. |
| ३६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य बिलको भुक्तानी गर्दा प्राविधिकले नाँपजाँच गरी नापी कितावमा उठेको वास्तविक काम को परिमाण अनुसार भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता समित मार्फत निर्माण सामग्रीहरु खरिद गरेकोमा उक्त सामान प्रयोग भयो/भएन सोको प्रयोग नापी किताव तयार नगरेकोले के कति प्रयोग भयो र के कति मौज्दात बाँकी छ कार्यालयले यकिन गर्नुपर्ने रु. | १०६६१२४ | निर्माण सामाग्रीहरूको खपत सम्बन्धमा निम्न योजनाहरूको निर्माण समाग्रीहरू खपत भए नभएको विवरणको लाभग्राहीले सामाग्री बुझेको भरपाइ र प्राविधिक नापी किताब पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । निम्नः<br>• सोसाङखोला सिंचाइ — १४०३.२५kg<br>• वडा नं. ६ विद्युतीकरण कालो तार-१२३००<br>• वडाको सिंचाइ पाइप | १०६६१२४ | जनार्दन निरौला प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ बमोजिम कार्यालयले निर्माण कार्यको ड्रइङ्ग डिजाइन तयार गर्नुपर्दछ । नियम १२३ अनुसार अन्तिम विल भुक्तानी गर्दा कहाँबाट कहासम्म कार्य भएको हो सो नापी किताब तयार गर्नपर्ने र सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार योजनाहरुको सडक योजनाहरुमा सडकको कुन चेनेजको सामान नखुलेको र माटव कटिङको Cross section drawing पे नभएकोले परिमाण यकिन गर्नुपर्ने रु. | २६९८३३७६५ | निम्न योजनाहरूको Cross section drawing पेश नभएको सम्बन्धमा प्राविधिकबाट स्थलगत अनुगमन सहित Cross section drawing पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । निम्नः<br>• तिरिङ्गे खानी फुडलिङ सडक<br>• खहरे देखि पूर्णेडाँडा सडक विस्तार<br>• सापथोक ज्यामिरे थेचम्बु सडक<br>• सुवेवा सालडाँडा सडक | २६९८३३७६५ | जनार्दन निरौला प्र.प्र.अ. |
| ४६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । निम्नानुसारको योजनाहरुको Site Development को कार्य (घडेरी) को माटोको कार्य गर्दा Slope Area मा कार्य गर्दा Cross section drawing पेश गरी सोही अनुसार Cutting को Quantity निकाल्नुपर्नेमा पुरै Area नै एउटै Height मा Cutting गरेकोले कार्यालयले Drawing निर्माण गरी परिमाण यकिन गरी असुल गर्नुपर्ने रु. | ३१०७२४।१२ | योजनाहरुको Site Development को कार्य (घडेरी) को माटोको कार्य गर्दा Slope Area मा कार्य गर्दा Cross section drawing पेश गरी सोही अनुसार Cutting को Quantity निकाल्नुपर्ने सम्बन्धमा निम्न योजनाहरूको Cutting गरेको Drawing निर्माण गरी परिमाण यकिन भएको प्रतिवेदन पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।<br>• सिभिल इन्जिनियरिङ ल्याव भवन<br>• वडा नं. ५ प्रशासकिय भवन, चाक्सिबोटे<br>• स्वास्थ्य चौकी भवन, तिरिङ्गे<br>• स्वास्थ्य चौकी भवन, डुम्रिसे<br>• स्वास्थ्य चौकी भवन, थुम्बेदिन<br>• गाउँपालिका प्रशासकीय भवन | ३१०७२४।१२ | जनार्दन निरौला प्र.प्र.अ. |
| ५३.१ | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । बैंक नगदी किताव अनुसार रु. ५०९६९६३४/- बजेट खर्च देखिएकोमा रिभर्स फिड अनुसार रु. ५०९२६९५१/- वितरण भएको देखिन्छ । फरक परेको रु.४२६८३/- सम्बन्धमा यकिन गर्नुपर्ने रु. | ४२६८३ | बैंक नगदी किताव अनुसार रु. ५०९६९६३४/- बजेट खर्च देखिएकोमा रिभर्स फिड अनुसार रु. ५०९२६९५१/- वितरण भएको देखिन्छ । फरक परेको रु.४२६८३/- सम्बन्धमा सामाजिक सुरक्षा भत्ता माग गर्दा भरपाइ अनुसार माग गरिएर फरक परेको हो । फर्वाड फिड निकाल्ने क्रममा दोहोरो दर्ता, मृत्यु भएका लाभग्राहीहरूको विवरण सिस्टमबाट हटाइ फर्वाड फिड डाउनलोड गर्दा रिर्भस पनि त्यसै अनुसार गरिएको कारण रिर्भस फिडमा फरक देखिएको र दोहोरो दर्ता र मृत्यु भएका लाभग्राहीहरूको बढी निकासा भएको रकम फिर्ता गरिएको भौचर पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ४२६८३ | जनार्दन निरौला प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३.३ | प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अखितयारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर गाउँपालिकाबाट उपलब्ध गराएको forward feed नमूना परीक्षण गर्दा गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा लाभग्राहीको खाता नं दोहोरो पर्ने गरी फरक व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइयो । निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको देखिएकोले अन्यको पनि गाउँपालिकाले एकिन गरी बढी भुक्तानी भएको भए असूल गरी सञ्चितकोष दाखिला गर्नुपर्ने रु. ७६६६८ | ७६६६८ | यस सम्बन्धमा दोहोरो हुने गरी बढी खर्च लेखेको देखिएकोले अन्यको पनि गाउँपालिकाले एकिन गरी बढी भुक्तानी भएकोमा मनमाया तामाङ र मनमाया साम्सोहाङ, आइतराज लिम्बु र आइतरानी मेन्याङ्गबो यि दुबै जना छुट्टा छुट्टै भएको तर Entry गर्ने क्रममा नाम एउटै भएकोले भुलबस एउटै खातामा पैसा जम्मा हुन गएकोले हाल आफ्नो आफ्नो खातामा रकम जम्मा गरिएको प्रमाण पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ७६६६८ | जनार्दन निरौला प्र.प्र.अ. |
| ५८ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम भुक्तानी गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रहि त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई र प्रमाणका आधारमा गर्नुपर्ने व्यवस्था उल्लेख छ। मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना अन्तर्गत थेचम्बु डुम्रिसे चाक्सिबोटे सडक कार्यको लागि प्रदेश लेखा इकाई कार्यालय पाचथरलाई रु६४९२७७ रकम भुक्तानी भएकोमा बिल भरपाई, कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु | ६४९२७७ | मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना अन्तर्गत थेचम्बु डुम्रिसे चाक्सिबोटे सडक कार्यको लागि प्रदेश लेखा इकाई कार्यालय पाचथरलाई रु ६४९२७७ रकम भुक्तानी दिएकोमा सो योजनाको विल, भरपाइ तथा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ६४९२७७ | जनार्दन निरौला प्र.प्र.अ. |
| | जम्मा | १००३७३८५ | जम्मा | १००३७३८५ | |

प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका निम्न बेरूजु/उपदफाहरूको सम्बन्धमा म.ले.प.को सल्लाह सुझावहरूलाइ ध्यानमा राखि कार्यालयबाट भएका कमी कमजोरीलाइ सुधार गर्दै र ऐन, नियम, कार्यविधि, परिपत्र र निर्देशिकाहरू र म.ले.प. प्रतिवेदनमा उल्लेखित सुझाबहरूको कार्यान्वयन तथा परिपालना गर्दै आगामी आ.व.मा बजेट तर्जुमा, कार्यान्वयन, लेखा प्रणाली, स्रेस्ता तथा हिसाब चुस्त दुरूस्त राखे व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्दछ ।

निम्न:

| सि. नं. | दफा / उपदफा नं. | शीर्षक/व्यहोरा |
|---|---|---|
| १. | ५.१ | वित्तीय विवरणः- गाउँपालिकाले कार्यसंचालन कोष अन्तर्गतका प्रकोप व्यवस्थापन कोष, विविध खर्च खाता, कर्मचारी कल्याण कोष, बिभाज्य कोषको शुरु मौज्दात शुत्रले कोषगत खातामा नदेखाउने र वित्तीय प्रतिवेदन फा.नं. २७२ को शुरु मौज्दातमा समेत समाबेश नहुँने भनि उल्लेख गरिएकोमा सुत्रको मलेफा नं. २७२ प्रतिवेदनमा विभिन्न कोषहरूमा स्पस्ट अल्या रकम देखिन्छ । |
| २. | ५.२ | पालिकामा प्राप्त अन्तर सरकारी अख्तियारी अन्तर्गत स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम मार्फत प्राप्त तथा खर्च भएको रकम रु. १०००००००/- र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त तथा खर्च भएको रकम रु. ५०९६९६३४ /- समेत कुल रु. ६०९६९६३४ /- सुत्रको वित्तिय प्रतिवेदनमा समावेश भएको पाइएन । यस सम्बन्धमा सामाजिक सुरक्षा र पूर्वाधार विकास कार्यक्रम हालसम्म मलेनिकाबाट CGAS+ प्रणालीबाट संचालन गर्दै आएकोले त्यहि प्रणालीबाट लेखाङ्कन तथा प्रतिवेदन हुदै आएको छ । |

| | | |
|---|---|---|
| ३. | ६.१ | आन्तरिक नियन्त्रण प्रणालीः- आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्बन्धमा निम्न दफाहरू लागु गरेको व्यहोरा अनुरोध छ ।<br>• गाउँपालिकाको वित्तीय लेखाङ्कन प्रणाली मार्फत हुने भएकोले सुत्र प्रणालीमा आवश्यक/तोकिएको मलेप फा.नं.हरू समावेश भएकोले अनुसुची २११ ढाँचामा प्रतिवेदन तयार पार्न आवश्यक नदेखिएको ।<br>• राजश्व संकलन सम्बन्धमा पालिकाबाट बैंकिङ प्रणाली मार्फत भएको र वडाहरूमा इन्टरनेटको पहुँच नभएकोले बैंकिङ प्रणालीबाट गर्न नसकिएको ।<br>• भ्रमण प्रतिवेदन पेश गर्ने गरेको ।<br>• पेश्की तथा बेरूजुको लगत तयार गरी ढड्डा खडा गरिएको । |
| ४. | ६.२ | बेरूजुको लगत तयार गरी ढड्डा खडा गरिएको । |
| ५. | ६.३ | इन्धन खर्चः- इन्धनको लगबुक राख्ने गरेको तर मापदण्ड बनाई खर्च गर्नु पर्नेमा सो मापदण्ड नबनाइ खर्च गरेकोले अवउप्रास मापदण्ड बनाएर मात्र खर्च गर्ने छ । |
| ६. | ६.४ | दैनिक भ्रमण भत्ता खर्चः- स्वीकृत भ्रमण आदेश र भ्रमण प्रतिवेदन बमोजिम भुक्तानी भएको र भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाई कार्यान्वयनमा ल्याउने प्रतिबद्ध छ । |
| ७. | ७.१ | बजेट पेश, पारित र अख्तियारीः- बजेट, नीति तथा कार्यक्रमा संयोजकले मिति २०७८।०३।१० गते रु ४७ करोड २ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा पेश गरेकै मिति २०७८।०३।२६ मा पारित गरि स्थानीय तहका प्रमुखले २०७८।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी समयमा नै प्रदान गरेको छ । |
| ८. | ७.२ | चौमासिक पूँजिगत खर्चः- अन्तिम चौमासिक तथा विशेष गरी असार महिनामा बढी खर्च हुने परिपाटीलाइ न्यूनिकरण गरिने छ । |
| ९. | ७.३ | रकामान्तरः- स्थानीय स्तरको आवश्यकतालाइ मध्येनजर गरी केहि योजनाहरू रकान्तर गरिएको हो । अव उप्रास यस्ता कार्यहरूलाइ न्यूनीकरण गर्दै लगिने छ । |
| १०. | ७.४ | बजेट तथा कार्यक्रम तर्जुमाः- स्थानीय स्तरकोबाट संकलित कार्यकम तथा योनाहरूला प्राथमिकताका साथ तर्जुमा गर्ने गरेको । |
| ११. | ७.५ | स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठन भई बजेट, कार्यक्रम तथा योजनाहरू छनौट गर्न वडा तथा विषयगत शाखाहरूलाइ मार्गदर्शन प्रदान गरिएको । |
| १२. | ७.६ | मध्यकालीन खर्च संरचनाः सुत्र प्रणालीमा थप तीन बर्षको बजेट तथा योजनाहरूको प्रक्षेपण भएता पनि प्रतिवेदन नदेखाएको र मध्यमकालीन खर्च संरचना बनाउन प्रयास गरिएको । |
| १३. | ८.१ | प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः- दरबन्दी बमोजिम जनशक्ति पूर्णता नभएकोले सेवा प्रवाह तथा पालिकाको कार्य सम्पादनमा प्रभाव परेको छ । प्रदेश लोकसेवामा माग गरिएता पनि पदपूर्ति हुन सकेको छैन । |
| १४. | ८.२ | तलब प्रतिवेदन पारित नगरेकोः- पालिकाहरूको तलबी प्रतिवेदन आफ्नै पालिकाको आलेप शाखाबाट हो कि कोलेनिकाबाट हो स्पस्ट परिपत्र नभएकोले तलबी प्रतिवेदन पारित गराउन अन्योल भएको । |
| १५. | ८.४ | कर्मचारी कल्याण कोष कार्यविधि तत्काल निर्माण गरी कार्यान्वयनमा ल्याउने छ । |
| १६. | ९.१ | कानून निर्माण गरिएको । |
| १७. | ९.२ | न्यायिक समितिमा परेका उजुरी र फर्छ्यौटको अवस्थाको विवरण पेश भएको । |
| १८. | १० | राजश्व आन्तरिक नियन्त्रणः- पालिकाबाट र वडाहरूबाट संकलित राजश्व भौगोलिक विकटताले गर्दा तोकिएको समयावधीमा राजश्व दाखिला गर्न नसकिएको अव उप्रास तत्काल बैंकमा दाखिला गरिने छ । |
| १९. | ११.१ | सम्पत्ति उपयोग र संरक्षणः- सहायक जिन्सी खाता बनाइ क कस्को जिम्मामा रहेको सामाग्रीहरू स्पस्ट उल्लेख गरिएको र हस्तान्तरण समेत गरिएको । |
| २०. | ११.२ | सार्वजनिक जग्गा र सम्पत्तिको अभिलेख भएता पनि संरक्षणको नीति र मापदण्ड नभएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन समेत नभएकोमा सो सम्बन्धमा सार्वजनिक सम्पतिको अनुगमन गरी संरक्षण गरिने व्यहोरा अनुरोध छ । |
| २१. | ११.३ | जिन्सी निरीक्षण प्रनिवेदन तयार भएको । |
| २२. | ११.४ | जिन्सी अभिलेखः- सरकारी सम्पति व्यवस्थापन प्रणाली PAMS मा प्रविष्ट भएको । |

| | | |
|---|---|---|
| २३. | १२.१ | ठेक्का अभिलेखः- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. ५०७ अनुसारको अभिलेखमा विवरण राखिने छ । |
| २४. | १२.२ | खरिद कारबाहीको अभिलेखः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम गाउँपालिकाले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी नराखेकोमा अब उप्रान्त फायल खडा गरी राखिने छ । |
| २५. | १३.१ | सार्वजनिक विद्यालयहरूको शैक्षिक गुणस्तरको लागि नियमित अनुगमन गरी प्रतिवेदन समेत सम्बन्धित निकायमा पेश गरिने छ । |
| २६. | १३.२ | नीजि विद्यालयको शुल्क निर्धारण गर्न पालिका मापदण्ड बनाइ कार्यान्वयमा ल्याइने साथै शैक्षिक गुणस्तरको लागि नियमित अनुगमन गरी प्रतिवेदन समेत सम्बन्धित निकायमा पेश गरिने छ । |
| २७. | १३.३ | विद्यालयहरूको निकासा भुक्तानी गर्दा प्रत्येक विद्यालयगत रजिष्ट्रर खडा गरी विवरण अभिलेख राखिने छ । |
| २८. | १३.४ | कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरूको निकासाको बारेमा तथा अन्य शैक्षिक गतिवधिको बारेमा अनुगमन गरी प्रतिवेदन पेश गरिने छ । |
| २९. | १४.१ | कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८।७९ मा प्राप्त रकम र खर्च सम्बन्धी बिबरण सार्वजनिक गरी मितव्यिता अपनाइएको । |
| ३०. | १४.२ | पालिकालाइ जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त कोभिड १९ खोपहरूको विवरण तयार गरी पेश भएको । |
| ३१. | १५.१ | सेवा प्रवाह विवरणः- गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउदै आएको छ । |
| ३२. | १५.२ | पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७७।७८ मा ५३.७७ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत मुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७७।७८ मा ४८ प्रतिशत अङ्क प्राप्त गरेको छ भने यसलाइ अझ सुधार गर्दै थप अङ्क हासिल गर्ने लक्ष्यका साथ अगाडी बढ्ने छ । |
| ३३. | १६.१ | विविध खर्चः- यस्ता प्रकृतिका खर्चलाइ थप न्यूनिकरण गर्दै लैजाने कुरामा विश्वस्त गराइने छ । |
| ३४. | १६.२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण नगरिएको । |
| ३५. | १७ | धरौटीको विवरण अध्यावधिक गरी अभिलेख राखेको । |
| ३६. | १८ | कर तथा शुल्क असुलीः- यस सम्बन्धमा पालिकाले आय शीर्षकहरूको पहिचान गरी कर तथा शुल्कलाइ मजबुत बनाइ पालिकाको राजश्व स्रोत थप हुनेछ । |
| ३७. | १९ | व्यवसाय करः- पालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी निजहरुलाई करको दायराभित्र ल्याइने छ । |
| ३८. | २० | राजश्वको नियन्त्रण प्रणाली- राजश्वको लगत, रसिद नियन्त्रण खाता, कार्य योजना तयारी र राजश्व अभिलेख खाता खडा गरी राजश्व नियन्त्रण प्रणालीलाइ चुस्त दुरूस्त राखिने छ । |
| ३९. | २१ | कारोबारको लेखा- महालेखा परीक्षकको कार्यालयबाट जारी तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राजश्व नियमित रूपमा शीर्षकगत विवरण तयार गरी दाखिला गर्ने छ । |
| ४०. | २४ | काजमा शिक्षक- पालिकामा काजमा रहेको शिक्षक तत्काल काज फिर्ता गरी पठन पाठनमा थप गुणस्तरमा ल्याइने छ । |
| ४१. | २५ | शिक्षक दरबन्दी र पदपूर्ति- यस सम्बन्धमा विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दी मिलान तथा पदपूर्ति गराइने छ । |
| ४२. | २६ | उपभोक्ता समितिको श्रेस्ता अनुगमन- पूवार्धार निर्माणको लाग गठन भएको उपभोक्ता समितिहरूको नियमित अनुगमन गरी कर छली हुनबाट नियन्त्रण गरिने छ । |
| ४३. | ३० | नापी किताब- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुने गरी पूवार्धार निर्माणको नापी किताब तयार गरी अभिलेख राखिने छ । |

| | | |
|---|---|---|
| ४४. | ३१ | निर्माण सामाग्रीको विल भरापाइ- गाउँपालिका र विभिन्न निर्माण कार्यको उपभोक्ता समितिहरु विच भएको सम्झौतामा रु. २० हजार भन्दा बढीको निर्माण सामाग्री खरिद गर्दा अनिवार्य रुपमा मुल्य अभिवृद्धी कर प्रयोजनको लागि दर्ता भएका विक्रेताबाट खरिद गर्नुपर्ने र १.५% अग्रीम कर समेत कट्टा गरी भौचर सहितका विलभरपाई गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिहरुले सिमेन्ट र फलामे छड खरिद गर्दा प्रायजसो मु.अ.कर बिजक पेश गरेता पनि ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा मु.अ.कर बिजक पेश नगरी विभिन्न व्यक्तीले रकम बुझिलिएको भरपाई पेश गर्ने गरेको पाइयो । निर्माण कार्यमा प्रयोग हुने र मु.अ.कर लाग्ने निर्माण सामाग्रीहरु ढुङ्गा, गिटी, बालुवा र काठ खरिद गर्दा नेपाल सरकारले सम्झौतामा उल्लेख भए अनुसार अनिवार्य रुपमा मु.अ.कर विजक पेश हुनुपर्दछ । मु.अ.कर विजक पेश नभएको अवस्थामा तथा व्यक्तीको भरपाईबाट लाखौ रकम खर्च गरेको अवस्थामा त्यस्ता व्यक्तीको आयबाट आयकर ऐन, २०५८ बमोजिम १.५% अग्रीम करकट्टा गर्नु पर्नेमा १५ प्रतिशत नै कट्टा गरी भुक्तानी दिने गरेको छ । |
| ४५. | ३२ | निर्माण कार्यको लगत अध्यावधिक गरी राखिने छ । |
| ४६. | ३३ | सार्वजनिक परीक्षण- सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी, पारदर्शि तथा दिगो रूपमा संचालन गर्न सार्वजनिक परीक्षण तथा सुनुवाइ गरिने छ । |
| ४७. | ३४ | आयोजनाहरूको हस्तान्तरण गरिने छ । |
| ४८. | ३५ | गुणस्तर परीक्षण- सार्वजनिक निकायहरूले आपूर्ति गरेको मालसामानहरूको सम्झौता बमोजिम प्राप्त भए नभएको हो परीक्षण गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाइने छ । |
| ४९. | ३७ | हेभी इक्विपमेण्टको प्रयोग- पालिकाबाट संचालित योजनाहरूमा हेभी इक्विपमेण्टको प्रयोग नगरिने तथा आवश्यक परेको खण्डमा प्राविधिकको सिफारिस बमोजिम मात्र प्रयोग गरिने छ । |
| ५०. | ३९ | निर्माण सामाग्रीको गुणस्तर परीक्षण- निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण गर्न ल्याव भवनको सम्पन्न भैसकेको र यस बर्ष ल्याव परीक्षण सामाग्री समेत खरिद हुने भएकोले यस बर्ष देखि निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण हुनेछ । |
| ५१. | ४३ | फावाखोला पक्की पुलको लागत अनुमान रु. ४७४६५७७६।— रही रु. ४२९७७७२४।— मा कार्य गर्ने गरी थेबे-SS जे.भी.सँग सम्झौता गरेकोमा Earthwork Excavation र PCC कार्यको उचाई कति हो सो नखुलेको साथै Reinforcement of ancho range कार्यको Bar Schedule मा नदेखिएको भनि उल्लेख भएकोमा अव उप्रान्त यस कुरालाइ सुधार गरिदै लैजाने छ । |
| ५२. | ४४ | कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्सा- सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ भनि उल्लेख भएकोमा एजविल्ट नक्सा तयार गरी त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरिने छ । |
| ५३. | ४५ | खहरे खानेपानी योजनाः-खहरे खानेपानी योजनाको लागत अनुमान रु. ८८७३२०५ रही रु. ४६००७८६ को सम्झौता गर्ने गरी अनुपमा सिटी कन्स्ट्रक्सनसँग गरेकोमा 25mm 10142rm, 32mm को २०५० र ४०-50mm को 7100rm गरी 19062 rm खरिद गरेकोमा ७० प्रतिशत अर्थात 13345.40rm मात्रको खन्ने र पुर्ने काम गरेको देखिएकोले 5718.6 rm को पाइपको प्रयोग गरेको प्रमाण पेश भएको छ । |
| ५४. | ४८ | औषधी मौज्दात- आवश्यकताको आधार पहिचान गरेर मात्र त्रुटी नहुने हिसाबले औषधी खरिद प्रकृया अगाडी बढाइने छ । |
| ५५. | ४९ | अभिलेख व्यवस्थापनः-स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रूपमा अभिलेख गरी सम्बन्धी निकायमा समयमानै प्रतिवेदन गरिने छ । |
| ५६. | ५० | औषधी खरिद तथा वितरणः- यस सम्बन्धमा निम्न कुराहरूमा सुधार गरिने छ ।<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरिने छ ।<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश गरिने छ । |

| | | |
|---|---|---|
| | | • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार मात्र दाखिला गरिने छ । <br>• जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधिने छ । <br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा मात्र घटाइने छ । |
| ५७. | ५१ | कृषि तथा पशु अनुदान कार्यक्रमः- पालिकाबाट बार्षिक रूपमा गाइ तथा बाखाहरू खरिद गरी वितरण गर्दे आएकोमा कुन कुन वडाका कति घरधुरीहरूलाइ वितरण गरिएको हो भनि अभिलेख नभएकोले अभिलेख राखि आगामी दिनहरूमा यस्ता वितरणमुखी कार्यक्रमलाइ न्यूनीकरण गर्नै लैजाने छ । |
| ५८. | ५२ | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकहरूको जीवनयापनमा थप सुधार तथा टेवा पुर्याउने छ । साना सना लागानीबाट पूर्वाधार निर्माण कार्यलाइ दिगो बनाउन सहयोग मिलेको छ । |
| ५९. | ५३.२ | सामाजिक सुरक्षा तर्फः- सामाजिक सुरक्षा भत्ता इन्टरनेटको पहूँच प्रयास नभएता पनि सवै वडाहरूबाट लाभग्राहीको विवरण अद्यावधिक गर्ने कार्यलाइ निरन्तरता दिएको छ । भएको जनशक्तिलाइ पूर्ण रूपमा परिचालन गरी लाभग्राहीहरूको लगत कट्टा तथा अद्यावधिक गरी MIS प्रणालीमा विवरण प्रविष्टि गरिने छ र अद्यावधिक भएको डाटा बमोजिम मात्र निकासा माग गरी बैंक मार्फत वितरण गरिने छ ।साथै नियमित रूपमा बस्तुस्थितिको बिषयमा अनुगमन समेत गरिने छ । |
| ६०. | ५४ | खरिद इकाइ र खरिद योजनाः- सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७), ९८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्दावधिक गर्नु पर्ने व्यवस्था भए बमोजिम यस बर्ष देखि पालिकाले सो कार्यलाइ प्राथमिकताका साथ काम गर्ने प्रतिवद्दता जाहेर गर्दछ । |
| ६१. | ५५ | सवारी साधन खरिदः- यस सम्बन्धमा दिगो विकास, पारदर्शिता र चुस्त दुरूस्त ढंगबाट जनतालाइ सेवा प्रवाह गर्नको निमित्त र विकास निर्माण तथा अन्य कार्यक्रमरूको अनुगमन गर्नको निमित्त सवारी साधन खरिद गरिएको हो । ताप्लेजुङ जिल्ला भौगोलिक हिसाब अति नै विकटा भएको र हिडेर जाँदा धेरै समय लाग्ने भएकोले छिटो र सहज तवरले काम गर्नको लागि सावारी साधन खरिद गर्नु षरेको हो । |
| ६२. | ५६ | डोर हाजिरी नियन्त्रण खाता मलेपफान ५२२ बमोजिम राखिने छ । |
| ६३. | ५७ | जग्गा खरिदः- पालिकालाइ आवश्यक परेको खण्डमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गरिने छ । |
| ६४. | ५९ | आर्थिक कार्यविधि नियमावलीको निर्माणः- पालिकालाइ कानूनी रूपमा व्यवस्थित ढंगबाट संचालन गर्नका लागि आवश्यक कार्यविधि, नियमावली तथा कानूनहरू निर्माण गरिने छ । |
| ६५. | ६० | त्रिवेणी विद्युत सहकारी संस्था लि ले १२३०० मि कालो तार खरिद बापत रु ४१८२००। मू अ कर बाहेक भुक्तानी भएकोमा सो तार के काममा कति खर्च भएको हो सो यकीन गरी प्रमाण पेश गरिने छ । |

निर्णय नं.२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र नियमावली,२०७९ को व्यवस्था अनुरुप भू-उपयोग वर्गीकरण योजनाको बारे नापी कार्यालय, ताप्लेजुङका नापी अधिकृत श्री विज्ञान बन्जरा र मालपोत कार्यालय, ताप्लेजुङका कार्यालय प्रमुख श्री निर्मल शेर्पाबाट सो सम्बन्धमा जानकारी प्राप्त भई यस पाथीभरा याङवरक गाउँपालिकाको भु-उपयोग वर्गीकरण योजना तयार गर्नको लागि आ-आफ्नो वडाको भू-उपयोग वर्गीकरण योजना तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा श्री डाँफे निर्माण सेवाको मितिः २०७९/०४/३१ गते प्राप्त "घ" वर्गको ईजाजत पत्र पाउँ भनि पेश भएको निवेदन उपर आवश्यक कारवाही गर्दा "घ" वर्गको इजाजत पत्र सिफारिस समितिको मितिः २०७९/०५/२३ गतेको प्रतिवेदनको आधारमा निर्धारित राजश्व लिई श्री डाँफे निर्माण सेवालाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**आ.व. ०७९/८० को पाँचौ बैठक**

आज मिति २०७९ साल मंसिर २० गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री लासाङ तामाङ | सदस्य-सचिव | ९८४४६६६४३३ | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. जग्गा वर्गीकरण सम्बन्धमा।

३. जनता आ.व., थुम्वेदिनको भवन निर्माणको लागि साझेदारी गर्ने सम्बन्धमा।

४. आ.व. ०७९/०८० मा स्वीकृत भएका ठेक्काहरु सम्बन्धमा।

५. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

निर्णयहरु:

**निर्णय नं-.१**

प्रस्ताव नं-.१ माथी छलफल गर्दा मितिः 2079/07/ गते बसेको 21पाँचौ कार्यपालिकाको बैठकको निर्णयहरुको तपसिल बमोजिम समिक्षा गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. निर्णय नं-.१ कार्यान्वयनको क्रममा रहेको । -
२. निर्णय नं-.२ कार्यान्वयनको क्रममा रहेको । -
३. निर्णय नं-.३ -कार्यान्यिन भएको ।

**निर्णय नं.२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र नियमावली,२०७९ को व्यवस्था अनुरुप यस पाथीभरा याङवरक गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजना तयार गर्नको लागि आ-आफ्नो वडाको भू-उपयोग वर्गीकरण योजना मितिः २०७९/०९/१० गते सम्म तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा श्री जनता आ.वि., थुम्वेदिनमा ८ कोठे भवन निर्माण गर्नको लागि युनाइटेड वर्ल्ड स्कुल (UWS) सँग बजेटको सुनिश्चित गरी लागत साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस चालु आ.व. ०७९/०८० मा स्वीकृत भएका गाउँपालिका तथा वडा अन्तर्गतका ठेक्का आव्हान भई बाँकी रहेका योजनाहरु कोटेशन विधिबाट ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस गाउँपालिकामा सामाजिक सुरक्षाभत्ता बैंक मार्फत विवरण भई रहेकोमा लाभग्राहीलाई भत्ता लिनको लागि समस्या आई गुनासो आएको हुँदा सो सम्बन्धमा वैकल्पिक माध्यमको लागि बैंकलाई पत्र लेख्ने सर्वसहमतिले निर्णय गरियो ।

**आ.व. ०७९/८० को छैटौं बैठक**

आज मिति २०७९ साल पौष  २२ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री केशर कुमार सुब्बा ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित  सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पूर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री जनार्दन निरौला | सदस्य-सचिव | ९८५२६७४००९ | |

**अन्य**

रोजगार संयोजक श्री इक्साहाङ सुब्बा

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

लेखा शाखा प्रमुख श्री शम्भु श्रेष्ठ

का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरु:

१. समपुरक र विशेष अनुदान सम्बन्धमा।

२. सडक बोर्ड नेपालअन्तर्गत विनियोजित बजेटबाट आयोजना छनौट सम्बन्धमा।

३. स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजा अनुमोदन गर्ने सम्बन्धमा।

४. जग्गा वर्गीकरण योजना सम्बन्धमा।

५. २ नं. वडाको वडा कार्यालय भवन र गाउँपालिकाको खेलमैदान सम्बन्धमा।

६. प्रशासनिक भवनको माथीपट्टीको जग्गा अधिग्रहण गर्ने सम्बन्धमा।

७. एम्बुलेन्स खरिदको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने सम्बन्धमा।

८. ल्यावमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।

१०. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरु सम्वन्धमा।

११. फुङलिङ नगरपालिकाद्वारा आयोजित मेयरकपको भुक्तानी सम्बन्धमा।

१२. मेवाखा प्रहरी चौकीको रकम भुक्तानी सम्बन्धमा।

१३. करारसम्झौता थप सम्बन्धमा।

१४. अल्लोको धागो प्रशोधन र बेकरी तालिम सञ्चालन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा प्रदेश र स्थानीय तहमा आ.व. २०८०/०८१ का लागि संघीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको लागि मितिः २०७९/०८/१९ गते प्रकाशित सूचना बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यविधि, (तेस्रो संशोधन), २०७७ र विशेष अनुदान सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०७७ मा व्यवस्था भए बमोजिम मितिः २०७९ पौष मसान्तभित्र आयोजना/कार्यक्रमको विधुतीय (अनलाइन) प्रणाली मार्फत आव्हान गरिएको हुँदा तपसिलका आयोजना/कार्यक्रम छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिलः**

१. **समपुरक अनुदान तर्फः**
   - काबेली-पूर्णेडाँडा-पालिकाभवन सम्मको सडक कालोपत्रे, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।

२. **विशेष अनुदान तर्फः**
   - केराबारी-डाँडागाउँ-पूर्णेडाँडा खानेपानी योजना, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ ।

**निर्णय नं-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा सडक बोर्ड नेपालबाट प्राप्त रु. १२,००,०००।- (अक्षरेपी बाह्र लाख मात्र।) बाट खाल्टे-पूर्णेडाँडा मोटरबाटो स्तरोन्नती गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को लागि निर्धारित ढाँचामा भरिएको तथ्याङ्क बमोजिम यस गाउँपालिकाले प्राप्त गरेको ६२.२५% (प्रतिशत) प्राप्ताङ्क सहितको नतिजा पारित गरी अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र नियमावली,२०७९ को व्यवस्था अनुरुप यस पाथीभरा याङवरक गाउँपालिकाको सम्पूर्ण वडाहरुले सम्पन्न गरेको यस गाउँपालिकाको भू-उपयोग वर्गीकरण योजनालाई सर्वसहमतिले निर्णय गरी सरोकारवाला निकायमा पठाउने ।

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा थेचम्बु मा.वि.को खेल मैदानको सिमानामा रहेको कित्ता नं. ७०१ बाट २ रोपनी ६ आना जग्गा गाउँपालिकाको नाममा र २ नं. वडा कार्यालयको व्यवस्थापनको लागि आवश्यक जग्गा र सो जग्गामा बनेको घर टहरा समेत जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा दिई अधिग्रहण गर्ने र सो जग्गा अधिग्रहण गर्नको लागि गाउँपालिकाकोतर्फबाट प्रारम्भिक कारवाही अगाडी बढाउन प्रारम्भिक अधिकृतको रुपमा शिक्षा अधिकृत श्री लासाङ तामाङलाई तोक्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको प्रशासनिक भवन माथीपट्टीको जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा दिई अधिग्रहण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. ०७९/०८० को लागि श्रम मन्त्रालयबाट कामको लागि पारिश्रमिक र युवा रुपान्तरण पहल आयोजना सञ्चालन गर्न विनियोजित बजेट रु. मार्फत १०० जना सूचीकृत बेरोजगार श्रमिकहरुलाई १०० दिन बराबर रोजगारी प्रदान गर्नु भन्ने मन्त्रालयको निर्देशानुसार यस स्थानीय तहका ६ वटै वडा कार्यालयहरुमा देहाय बमोजिमको बजेट र श्रमिक संङ्या विभाजन गरी वार्षिक बजेट किताबमा छनौट गरिएका आयोजनाहरु मात्र सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | बजेट | श्रमिक संङ्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | ९८०९०० | १७ | |
| २ | वडा नं.-२, थेचम्बु | ९८०९०० | १७ | |
| ३ | वडा नं.-३, तिरिङ्गे | ९८०९०० | १७ | |
| ४ | वडा नं.-४, डुम्रिसे | ६९२४०० | १२ | |
| ५ | वडा नं.-५, चाक्सिबोटे | ४६१६०० | ८ | |
| ६ | वडा नं.-६, थुम्वेदिन | ६९२४०० | १२ | |
| जम्मा | | ४७८९१०० | ८३ | |

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा यस आ.व. ०७९/०८० मा गाउँसभाबाट "एम्बुलेन्स खरिद"को लागि विनियोजित वजेटबाट गाउँपालिकाको लागि एम्बुलेन्स खरिद गर्ने प्रकृयालाई अघि बढाउन स्वास्थ्य शाखालाई जिम्मेवारी दिने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं.-९

प्रस्ताव नं.-९ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी, थेचम्बु र स्वास्थ्य चौकी, थुम्वेदिनमा रहेको ल्यावमा भोलेन्टियरको रुपमा विगत वर्षदेखि कार्यरत २ जना कर्मचारीहरुलाई ल्यावको कार्य व्यस्ततालाई १ जना कर्मचारीले मात्र थेग्न नसक्ने भई राख्न मनासिव देखिएकोले करार सम्झौता गरी मासिक १२,०००।- (अक्षरेपी बाह्र हजार मात्र।) सेवा सुविधा दिने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथी छलफल गर्दा नेपाल सरकारद्वारा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत मासिक ५०००।- खर्च उपलब्ध गराउने कार्यक्रम बमोजिम यस पाथीभरा याङवरक गाउँपालिकामा रहेका संलग्न विवरण बमोजिमका विरामीहरुको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी पउचार वापत खर्च उपलब्ध बनाउने कार्यविधि, २०७८ बमोजिम यस आ.व.मा उक्त विरामीहरुलाई उपलब्ध गराउने बजेट विनियोजन नभएको हुँदा,सम्बन्धित निकायमा रकम माग गर्ने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं.-११

प्रस्ताव नं.-११ माथी छलफल गर्दा मितिः २०७९/०६/०८ देखि ११ गते सम्म सञ्चालित फुङलिङ नगरपालिकाद्वारा आयोजित अन्तरपालिका स्तरीय मेयर रनिङ कप पूरुष भलिबल प्रतियोगितामा रकम रु. ५,००,०००।- (अक्षरेपी पाँच लाख मात्र।)विनियोजित भएकोमा, उक्त रकम अपुग भएको हुँदा, बाँकी रकम आगामी हिँउदे गाउँसभाबाट अनुमोदन गर्ने गरी अन्य खेलकुद शिर्षकबाट भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं.-१२

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा चालु आ.व. ०७९/०८० मा १ नं. वडाबाट मेवाखा चौकी बिट निर्माण तथा सिडि रेलिङको लागि रकम रु. १५००००।-(अक्षरेपी एक लाख पचास हजार मात्र) र गाउँपालिकाबाट मेवाखा प्रहरी चौकी सिढी रेलिङ तथा किचन मर्मतको लागि रकम रु. ३५००००।-(तीन लाख पचास हजार मात्र।) गरी जम्मा रकम रु. ५०००००।- (अक्षरेपी पाँच लाख मात्र।) विनियोजित भएकोमा उक्त योजना सम्पन्न गर्न रकम रु. ६,०००००।-(अक्षरेपी छ लाख मात्र।) खर्च भएकोमा बाँकी रकम आगामी हिउँदे गाउँसभाबाट अनुमोदन गर्ने गरी मर्मत सम्भार कोषबाट भुक्तानी दिने साथै सो प्रहरी चौकीमा प्लेट रिडर क्यामरा जडान गर्नको लागि रकम रु. १५००००।-(एक लाख पचास हजार मात्र।) विनियोजन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

## निर्णय नं.-१३

प्रस्ताव नं.-१३ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत करारसेवामा कार्यरत कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त भएको हुँदा, करारसेवा समाप्त भएकाका सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेकोले मितिः २०८० साल असार मसान्तसम्मको लागि करारसेवा थप गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-१४**

प्रस्ताव नं.-१४ माथी छलफल गर्दा यस गाउँपालिकाभित्र बेकरी र अल्लोको धागो प्रशोधन सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने भएकोले, बेकरी तालिमको लागि २ नं. वडाबाट १ जना सहभागी छनौट गर्ने र अल्लोको धागो प्रशोधन सम्बन्धी तालिमको लागि १ नं. वडाबाट २ जना र ३ नं. वडाबाट ५ जना गरी ७ जना छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो ।